# मण्डनदेउपुर नगरपालिका

**MANDANDEUPUR MUNICIPALITY**

नगर कार्यपालिकाको कार्यालय

**Office of the Municipal Executive**

महादेवस्थान

**Mahadevsthan**

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal


## विज्ञप्ति

मण्डनदेउपुर न.पा.को मिति २०७९।०२।२६ गते बसेको नगर कार्यपालिकाले आ.व.२०७८/७९ योजना र विकास कार्यक्रमहरू सञ्चालनका लागि असार ३ गतेभित्र सम्बद्ध संघसंस्था वा निकायले नगरपालिकासँग सम्झैता, कार्यादेश वा कार्य अनुमति लिई सक्नुपर्ने निर्णय गरेको छ । मण्डन उपत्यका सामाजिक उत्थान समाजले २०७९।०३।१६ गते मेलम्ची खानीपानी आयोजनाको आर्थिक सहयोगमा रू. २,००,००,०००। अक्षेरेपी दुई करोड रू.दुई करोड बजेटसहितको आयोजना सञ्चालन गर्नको लागि नगरपालिकासमक्ष अनुमति माग गरेको थियो ।साथै आर्थिक ऐन तथा सार्वजनिक खरिद ऐनअनुसार सरकारी योजनाको अन्तिम भुक्तानी गर्ने समय असार २५ गतेसम्म मात्र रहेको हुँदा उक्त करोडौंको आयोजना सम्पन्न गर्न बाँकी ९ दिन अत्यन्तै अपर्याप्त रहेकोले उक्त संस्थालाई आयोजना सञ्चालनका लागि अनुमति दिन नसकिएको हो ।

तथापि मण्डन उपत्यका सामाजिक उत्थान समाजको नाममा सामाजिक सञ्जाललगायत सञ्चारका श्रव्यदृश्य माध्यमबाट यस नगरपालिकाउपर अनावश्यक रूपमा आरोप, लाञ्छना र गलत सन्देश प्रवाह गरेको बुझिन आएको छ। यो नगरपालिका विधि र पद्धतिमा आधारित भई जनताको सेवा प्रवाह गर्न प्रतिबद्ध रहेको हुँदा कुनै व्यक्ति वा संस्थाको पूर्वाग्रह र स्वार्थका कारण अनुचित रूपमा प्रवाह गरिएको भ्रामात्मक सन्देश, सूचना र अनुचित गतिविधिको प्रभाव वा भ्रममा नपर्न अनुरोध गर्दछु ।

डा.लोकबहादुर लोप्चन
प्रमुख प्रशासकीय अधिकृत


फोन नं. : ०११-४१२११४

Web Site: mandandeupurmun.gov.np, E-mail: mandandeupurmu@gmail.com